# रेसुङ्गा नगरपालिका

## स्थानीय राजपत्र

खण्ड :२ संख्या : ९ साउन २ गते, २०७५

## भाग-२

# आर्थिक सहायता सम्बन्धी कार्यविधि-२०७५(पहिलो संशोधन, २०७९)

कार्यपालिकाबाट स्वीकृत मिति : २०७५/०४/०२

कार्यपालिकाबाट पहिलो संशोधन मिति : २०७९/०९/२७

प्रस्तावना:

लोककल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले विपन्न निरपेक्ष गरिबीको रेखामुनी रहेका दीर्घ रोगी, हिंसा पीडित तथा बेचविखनमा परेका महिला, बालबालिका, विपन्न अति अशक्त अपांग र पूर्णअशक्त अपांग, बेवास्तामा परेका ज्येष्ठ नागरिकको लागि आर्थिक सहायता दिन आर्थिक सहायता सम्बन्धी कानून बनाउन बाञ्छनिय भएकोले रेसुङ्गा नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद — १

**१. प्रारम्भिक :**

१. संक्षिप्त नाम र प्रारम्भ :— (१) यस कार्यविधिको नाम "रेसुङ्गा नगरपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा :—** विषय प्रसंगले अर्को अर्थ नलागेमा

(क) "नगरपालिका" भन्नाले रेसुङ्गा नगरपालिकालाई सम्झनु पर्छ ।

(ख) "नगर कार्यपालिका" भन्नाले रेसुङ्गा नगरकार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "आर्थिक सहायता पाउन योग्य व्यक्ति तथा संघसंस्था" भन्नाले निरपेक्ष गरिबीको रेखामुनी रहेको भनी प्रमाणित भएका मुटु, मृगौला, फोक्सो, कलेजो जस्ता शरीरका महत्वपूर्ण अंगहरुका रोगी एवं. क्यान्सर पीडित व्यक्तिहरु, घरेलु हिंसा, यौन हिंसाबाट आक्रान्त र पीडित एवं. बेचविखनमा परेका महिलाहरु, जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा बेवारिसे अवस्थामा फेला परेको, ऋणको कारणले बन्धकमा परेको वा जवरजस्ती श्रमबाट पीडित भएको, शारिरीक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यबहारबाट पीडित, दूर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको, यौन शोषण, यौन दुर्व्यबहार, बेचविखन वा ओसार पसारमा परेको, हिंसा पीडित, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपांगता भएको,सुस्तमनस्थिति भएको, अपहरण वा शरीर बन्धकमा परेको सडक बालबालिका, एच.आई.भी. एड्सबाट संक्रमित बालबालिका, वेसहारा वृद्धवृद्धा, दलित, आदीबासी लगायतका संघसंस्था र विपन्न भनि वडाबाट सिफारिस भएका व्यक्ति सम्झनु पर्दछ ।

(घ) "न्यायिक समिति" भन्नाले रेसुङ्गा नगरपालिका अन्तर्गतको न्यायिक समिति सम्झनु पर्दछ ।

(ङ) "प्रमुख" भन्नाले रेसुङ्गा नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रेसुङ्गा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

## परिच्छेद — २

**३. आर्थिक सहायता सम्बन्धी मापदण्ड :**

**दीर्घ रोगी तथा क्यान्सर पीडितलाई सहायता :—**

(१) आर्थिक सहायता पाउन योग्य दीर्घ रोगी (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क) तथा क्यान्सर पीडित व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित नगरपालिकामा निवेदन दिन सक्नेछन् ।

*स्पष्टिकरण "आवश्यक कागजात भन्नाले आर्थिक रुपले विपन्न भनि अधिकार प्राप्त सरकारी निकायबाट प्रमाणित कागजात वा सम्बन्धित वडाध्यक्षको सिफारिसपत्र र अस्पतालको रिपोर्ट लगायतका कागजात सम्झनु पर्दछ ।*

२. उपखण्ड (१) बमोजिम प्राप्त निवेदन माथि नगर कार्यपालिकाले आवश्यक छलफल गरी आर्थिक सहायता दिने निर्णय गरेमा विरामीको अवस्था हेरी रू. ३०००।— (तीन हजार)

देखि रू.१५,०००।—(पन्ध्र हजार) सम्म आर्थिक सहायता दिई निःशुल्क उपचारको लागि समेत सिफारिस गर्न सकिनेछ ।

३. यस कार्यविधि बमोजिमको आर्थिक सहायता नगर प्रमुखको तोक आदेशमा र सो भन्दा माथिको आर्थिक सहायता नगर कार्यपालिकाले गरेको निर्णय बमोजिम दिईनेछ ।

४. हिंसा पीडित तथा बेचविखनमा परेकालाई सहायता :—

(१) घरेलु हिंसा, यौन हिंसाबाट आक्रान्त र पीडित एवं बेचविखनमा परेका महिलाहरुको तत्काल उद्धार गरी जीवन यापनको लागि रू. ५,०००।—(पाँच हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) पीडितलाई न्याय दिलाउन एवं. पुनस्र्थापनाको लागि न्यायिक समिति मार्फत आवश्यक पहल गरिनेछ ।

५. आर्थिक रुपले विपन्न र पीडित वालबालिकालाई सहायता :—

(१) आर्थिक कारणले जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा बेवारिसे अवस्थामा फेला परेको, ऋणको कारणले बन्धकमा परेको वा जवरजस्ती श्रमबाट पीडित भएको, शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यबहारबाट पीडित, दूर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको, यौन शोषण, यौन दुव्र्यवहार, बेचविखन वा ओसार पसारमा परेको, हिंसा पीडित, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपांगता भएको, सुस्त मनस्थिति भएको, अपहरण वा शरिर बन्धकमा परेको, आर्थिक रुपले विपन्न व्यक्ति, सडक बालबालिका, एच.आई.भी. एड्सबाट संक्रमित बालबालिका भएमा तत्काल उद्धार गरी पालन पोषणको लागि रू. १०,०००।— (दशहजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) उपखण्ड (१) मा उल्लेखित बालबालिकाको शिक्षा तथा पालन पोषणको लागि बालउद्धार गृहको स्थापना गरी संचालन गर्न सकिनेछ । बालउद्धार गृह स्थापना नहुञ्जेलसम्मको लागि सामुदायिक वा संस्थागत विद्यालयसँग समन्वय गरी छात्रवृत्ति मार्फत शिक्षा तथा पालन पोषणको व्यवस्था गर्न सकिनेछ ।

६. बेवास्तामा परेका ज्येष्ठ नागरिकलाई सहायता :— दलित ज्येष्ठ नागरिकको हकमा ६० वर्ष उमेर पुगेका र अन्यको हकमा ७० वर्ष उमेर पुगेका परिवारका सदस्यले बेवास्ता गरेका

विपन्न, रोगी एवं. अशक्त ज्येष्ठ नागरिकले सम्बन्धित वडाध्यक्षको सिफारिसपत्रसहित आर्थिक सहायताको लागि नगरपालिकामा निवेदन पेश गरेमा र निवेदन मनासिव भएमा रू. ५,०००।—(पाँच हजार) सम्म आर्थिक सहायता दिई पुनर्स्थापनाको लागि आवश्यक पहल गर्न सकिनेछ ।

७. अतिअशक्त अपांग र पूर्णअशक्त अपांगलाई सहायता :—

(१) आर्थिक रुपले विपन्न अतिअशक्त अपांग र पूर्णअशक्त अपांगको पालन पोषणको लागि रू. १०,०००।—(दश हजार) सम्म आर्थिक सहायता दिन सकिनेछ ।

(२) आर्थिक सहायता प्राप्त गर्न आर्थिक रुपले विपन्न भनि प्रमाणित कागजात, महिला तथा बालबालिका कार्यालयबाट प्राप्त अतिअशक्त र पूर्णअशक्त अपांगको परिचयपत्र सहित नगरपालिकाको कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

## परिच्छेद— ३

**४. विविध** :

८. निवेदनको ढाँचा :— खण्ड ३, ४, ५, ६ र ७ अनुसार सहायता पाउन अनुसूची— १ को ढाँचामा निवेदन दिनु पर्नेछ ।

९. अधिकार प्रत्यायोजन गर्न सकिने :— यस कार्यविधि अनुसार आर्थिक सहायता सम्बन्धी निर्णयको अधिकार नगरकार्यपालिकाले नगरपालिका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतलाई दिन सक्नेछ ।

१०. आकस्मिक कोष :— (१) यस कार्यविधि अनुसार आर्थिक सहायता दिने एवं. प्राकृतिक र गैर प्राकृतिक प्रकोप पीडितलाई राहत, उद्धार तथा पुनर्स्थापना गर्ने र अन्य आकस्मिक कार्यमा प्रयोग गर्ने प्रयोजनको लागि एक आकस्मिक कोषको स्थापना गरिनेछ ।

११.यसै कार्यविधि अनुसार भएको मानिनेः यो कार्यविधि लागु हुनु अगावै प्रदान गरिएका आर्थिक सहायताहरु यसै कार्यविधि बमोजिम प्रदान गरिएको मानिनेछ ।

**अनुसूची— १**

**(खण्ड ८ सँग सम्बन्धित)**

मिति :—

श्रीमान् नगर प्रमुख ज्यू,
रेसुङ्गा नगरपालिका, गुल्मी

विषय :— आर्थिक सहायता उपलब्ध गराईदिनु हुन ।

महोदय,

प्रस्तुत विषयमा म/हामी....................................रोगले ग्रसित भई ..............................गर्नु पर्ने व्यहोरा अवगत गराउँदछु/छौं । उपचारको लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकोले सो को लागि तहाँ कार्यालयको नियमानुसार आर्थिक सहायता उपलब्ध गराई निशुःल्क उपचारको लागि सम्बन्धित निकायमा सिफारिस तथा हल गरिदिनुहुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखि पेश गर्दछु/गर्दछौं ।

तपसिल

१. विपन्नताको सिफारिस तथा प्रमाणित प्रतिलिपि
२. नागरिकता/जन्मदर्ता/विवाहदर्ता/..................को प्रतिलिपि
३. अस्पतालको रिपोर्ट
४. ...................................

निवेदक

| क्र.स. | नाम, थर | ठेगाना | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |

आज्ञाले,
हरि प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत